# गोदावरी नगरपालिका

## बज्रबाराही, ललितपुर

## बागमती प्रदेश

### कोरोना सङ्क्रमित भई मृत्यु हुने व्यक्तिका परिवारलाई प्रदान गरिने राहत सहयोग सम्बन्धी कार्यविधि, २०७८

गोदावरी नगरपालिका, ललितपुर

**प्रस्तावना :** विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९ बाट सङ्क्रमित भई मृत्यु भएका व्यक्तिका परिवारलाई विपत् राहत स्वरुप यस नगरपालिकाले सामाजिक उत्तरदायित्व वहन गर्नका लागि उचित राहत सहयोग उपलब्ध गराउने हेतुले गोदावरी नगरपालिकाको विपत् जोखिम न्युनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को अधिनमा रही यो कार्यविधि निर्माण गरी लागु गर्न वाञ्छनीय भएकोले गोदावरी नगरपालिकाको नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १

प्रारम्भिक :

**१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस कार्यविधिको नाम “कोरोनाबाट सङ्क्रमित भई मृत्यु हुने व्यक्तिका परिवारलाई प्रदान गरिने राहत सहयोग सम्बन्धी कार्यविधि, २०७८” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “कोरोना महामारी” भन्नाले विश्वमा फैलिएको कोभिड–१९ र त्यसको विभिन्न लहरहरुलाई सम्झनु पर्दछ ।

(ख) “मृतकको परिवार” भन्नाले कोभिड–१९ र त्यसको लहरबाट मृत्यु भएको व्यक्तिको एकाघर सगोलको पति/पत्नी, छोरा/छोरी, बाबु/आमा, दाजु/भाइ, नाती/नातिनी लगायत प्रचलित कानुन बमोजिम एकाघरका परिवार भनिएकालाई सम्झनु पर्दछ ।

(ग) “राहत सहयोग” भन्नाले कोभिड–१९ को कारण मृतकका परिवारलाई नगरपालिकाबाट प्रदान गर्ने सहयोग रकमलाई सम्झनु पर्दछ ।

(घ) “राहत कोष” भन्नाले राहत स्वरुप उपलब्ध गराउन खडा गरिएको कोषलाई सम्झनु पर्दछ ।

(ङ) “उपचार” भन्नाले कोरोना भाइरस पोजिटिभ भएका व्यक्तिहरुलाई अस्पताल, स्वास्थ्य संस्था तथा घरमा नै बसी औषधी उपचार लगायत आवश्यक कार्य गरी बसेका व्यक्तिलाई सम्झनु पर्दछ ।

(च) “संक्रमित” भन्नाले कोभिड–१९ पोजिटिभ प्रमाणित भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

गोदावरी नगरपालिका ललितपुर

(छ) “समिति” भन्नाले यो कार्यविधि -लाई हटाउने) कार्यान्वयन गर्न बनेको समिति ( लाई हटाउने)) सम्झनु पर्दछ ।

(ज) “मृतक” भन्नाले कोभिड–१९ बाट मृत्यु भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :

(क) विश्वमा महामारीको रुपमा फैलिएको कोरोना रोगबाट मृत्यु भएको परिवारहरुलाई राहत स्वरुप आर्थिक सहयोग गर्ने ।

(ख) मृतकका परिवारहरुलाई महामारीको अवस्थामा आफ्नो घर व्यवहार चलाउन केही सहजिकरण गर्ने ।

(ग) स्थानीय रुपमा स्थानीय तहको भूमिका महसुस गराउने ।

(घ) स्थानीय तहको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद ३

४. यस गोदावरी नगरपालिकामा कोभिड–१९ बाट मृत्यु भएको घर परिवारलाई राहत सहयोग उपलब्ध गराउन देहाय बमोजिमको समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | नगर प्रमुख- | संयोजक |
| ख) | नगरकार्यपालिकाले तोकेका दुईजना नगरकार्यपालिका सदस्य- | सदस्य |
| ग) | बिपद् व्यवस्थापन शाखा प्रमुख- | सदस्य |
| घ) | प्रमुख प्रशासकीय अधिकृत - | सदस्य सचिव |

## परिच्छेद ४

५. कोभिड–१९ बाट मृत्यु भएको व्यक्तिको हकमा निजका एकाघर परिवारबाट राहत रकम माग गर्ने प्रक्रिया :

(क) कोभिड–१९ बाट मृत्यु भएको एकाघर परिवारका सदस्यबाट सम्बन्धित वडा कार्यालयमा निबेदन दिने ।

(ख) सम्बन्धित व्यक्तिबाट निवेदन प्राप्त भएपछि तत्काल आवश्यक कागजातहरुको अध्ययन गरी नाता र राहत रकम दिनु पर्ने ब्यहोराको किटानी सिफारिसपत्र तयार गरी नगरपालिकामा पेश गर्ने ।

गोदावरी नगरपालिका, ललितपुर

(ग) सम्बन्धित वडा कार्यालयबाट प्राप्त सिफारिस, कोभिड–१९ बाट मृत्यु भएको प्रमाणित हुने कागजात, नाता प्रमाणित प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्र, निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित रकम मागको निवेदन दिनु पर्ने ।

(घ) प्राप्त निवेदनलाई (कार्यालय हटाउने) नगर प्रमुख/उप प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतबाट तोक आदेश गरी निवेदन दर्ता गरी समिति समक्ष पेश गर्ने ।

## परिच्छेद ५

६) आवश्यक कागजात

क) नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट कोरोना पोजिटिभ देखिएको प्रमाण

ख) कोरनाको कारण मृत्यु भएको हो भनी प्रमाणित हुने आवश्यक कागजात

ग) सम्बन्धित वडा कार्यालयबाट राहत सम्बन्धी सिफारिस

घ) स्थायी बसोबास गरेको प्रमाणित कागजात

ङ) मृत्युदर्ता प्रमाणपत्र

च) नाता खुल्ने नाता प्रमाणपत्र

ज) एकाघर सगोलको परिवार हो भन्ने प्रमाणित प्रमाण

झ) राहत रकम बुझिलिने व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

## **परिच्छेद ६**

७ राहत सम्बन्धी व्यवस्था

क) कोरोना संक्रमण भई मृत्यु भएका मृतकका एकाघरका परिवारलाई राहत स्वरुप प्रतिव्यक्ति रु ५०,०००। अक्षरुपी पचास हजार रुपैया मात्र समितिको निर्णय अनुसार नगरपालिकाको नवौ नगरसभाबाट विनियोजित भएको बजेटबाट खडा गरिएको कोष मार्फत उपलब्ध गराउने ।

ख) कार्यपालिकाको निर्णय बमोजिम कोरोना सङ्क्रमित बिरामीहरुलाई आवश्यक सहयोग गर्न सकिनेछ ।

आज्ञाले

वीरेन्द्रदेव भारती

प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका, ललितपुर